**सभासदस्य ज्यूहरु**

आदरणीय साँगुरीगढी वासी आमावुवा, दाजुभाइ तथा दिदी वहिनीहरु ।

**“पर्यटन, कृषि र पूर्वाधारको विकास साँगुरीगढीको आर्थिक समृद्धिको आधार** भन्ने मूल नाराका साथ विश्वभर फैलिरहेको कोभिड- १९ दोस्रो भेरियन्टका कारण असहज, असामान्य र चुनौतीपूर्ण परिस्थितिका वावजुद साँगुरीगढी गाउँपालिकाको नवौं गाउँसभामा आ.व. ०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत् गर्ने अवसर प्राप्त गर्दा म अत्यन्तै हर्षित छु ।

नेपालको संविधानले प्रत्याभूत गरेका अधिकारहरुको प्रयोगलाई क्रमश व्यवस्थित गर्दै प्राप्त भएको स्थानीय सरकार सन्चालन ऐन २०७४ र बर्तमान संविधानको अधिनमा रही बेनका विभिन्न नियम र कार्यविधिहरुको परिधि भित्र रही आज हामी यो नवौं सभा गर्न जाँदैछौं । यो खुसीको क्षणमा लोकतान्त्रिक एवं गणतान्त्रिक आन्दोलनमा सहादत प्राप्त गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुका साथै कोभिड- १९ दोस्रो भेरियन्टबाट मृत्युवरण गर्नुहुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । कोभिड- १९ पोजेटिभ भइ रोगसँग लडीरहनु भएका सम्पूर्ण महानुभावमा शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । अन्य सम्पूर्ण महानुभावहरुमा कोभिड- १९ लाई बेवास्ता नगरी सुरक्षित रहनसमेत हार्दिक अपिल गर्दछु ।

कोरोना भाइरस कोभिड- १९ महामारीको नियन्त्रण तथा रोकथाममा अहोरात्र खट्नु हुने जनप्रतिनिधिहरु, कर्मचारीहरु, स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मी, नागरिक समाज, आम जनसमुदाय प्रति आभार प्रकट गर्दछु । राज्यको पुनःसंरचना पछि जनताको नजिकको सरकारको रुपमा रहेको गाउँपालिका गठन पश्चात सीमति स्रोत साधन, न्यून अनुभव, ऐन कानूनको अभाव लगायतका यावत अप्ठ्यारा परिस्थितिका वावजुद शुन्य विन्दुबाट गाउँपालिकाको समृद्धि र विकासको यात्रा तय गरिएको थियो । संघीयताको मूल मर्म, भावना र सिद्धान्तको आधारमा समुचित विकासको बाटो पहिल्याउन ऐन, कानून तथा नीतिको जगमा उभिएर स्थानीय सरकारलाई संस्थागत गरी महत्वपूर्ण सफलता र उपलव्धी हासिल गर्दै नवौं गाउँ सभासम्म आई पुगेका छौं । प्राप्त सीमित श्रोत साधनलाई अधिकतम परिचालन गरी सवै वर्ग, क्षेत्र, लिङ्ग तह र तप्काको मागलाई सकेसम्म सम्वोधन गर्ने प्रयत्न गरी गुणस्तरीय सेवा दिने प्रयास गरिएको उल्लेख गर्न चाहन्छु । यस गाउँपालिकाको बजेटले सम्बोधन हुन नसक्ने योजनाहरुलाई प्रदेश, संघ र अन्य निकायसँग प्रस्ताव गरी सम्वोधन गर्दै जानु पर्ने हाम्रो बाध्यता छँदैछ ।

पर्यटनको प्रचुर सम्भावना बोकेको यस गाउँपालिकालाई पर्यटन पूर्वाधार युक्त बनाउन दीर्घकालीन गुरुयोजना बनाई लगानी गर्नु पर्ने देखिन्छ । यस क्षेत्रको सौन्दर्यतामा रमाउन अत्याधिक मात्रामा आउने आन्तरिक तथा विशेष गरी भारतीय पर्यटकलाई आकर्षित गरी पर्यटन प्याकेज ल्याउन सके पर्यटन नै रोजगारीको मुख्य आयश्रोतको रुपमा बनाउन सकिने कुरा उल्लेख गर्न चाहन्छु । नेपाल सरकारको **“सम्मृद्ध नेपाल सुखी नेपाली”** को राष्ट्रिय आकांक्षा, प्रदेश सरकारको **“स्वच्छ सुखी, र सम्मुन्नत प्रदेश”** को महाअभियान सँगै **“पर्यटन, कृषि र पूर्वाधारको विकास, साँगुरीगढी सम्बृद्धिको आधार”** निर्माण गर्ने साँगुरीगढी गाउँपालिकाको गन्तव्य रहेको सर्वविवितै छ । संघीय शासन प्रणालीमा तीन तहको सरकारको संरचनामा स्थानीय तह जराधार तहको सरकारको रुपमा रही, स्थानीय शान्ति, सम्बृद्धि, विकास, सुशासन, दीगो विकास जनता समक्ष पुऱ्याउदै स्थानीय बासीको

स्वास्थ्य, वातावरणीय स्वच्छता, मर्यादित जीवनस्तर, सभ्यता, सशासन, र मानव पूँजी निर्माण उपयोग र परिचालन गरी समतामूलक समाज निर्माण, दीगो र दरिलो उत्पादन प्रणालीबाट सुख र सम्बृद्धिको सपना साकार पार्न काम गरिरहेको अवगत गराउन चाहान्छु । नेपालको संविधानले स्थानीय तहलाई दिइएको अधिकार, स्थानीय सरकार संचालन ऐन, २०७४, आवधिक योजनाहरु, नेपाल सरकार, प्रदेश सरकारले गरेको प्रतिवद्धता, स्थानीय राजनैतिक पार्टीहरुको चुनावी घोषणा-पत्र, गाउँपालिकाले जनता समक्ष गरेको घोषणा, स्थानीय आवधिक योजनाहरुलाई सम्बृद्धिको गन्तव्य निर्माणका लागि नीति योजना निर्माणको मूल मार्गदर्शनको रुपमा रहेको छ ।

**सभासदस्य ज्यूहरु,**

आगामी आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु अघि चालु आर्थिक वर्ष २०७७/०७८ मा साँगुरीगढी गाउँपालिकाले हाँसिल गरेको महत्वपूर्ण उपलब्धी र सामना गर्नु परेको चुनौतीहरुलाई संक्षेपमा राख्न चाहान्छु ।

१. साँगुरीगढी गाउँपालिकाको सम्बृद्धिको सुदुर गन्तव्य पुरा गर्न स्थानीय कानून निर्माण गरी कार्यान्वयन गरिएको, पर्यटन विकास गुरु योजना निर्माण गरिएको, ग्राम पार्श्व चित्रको प्रारुप तयार गरिएको, भौतिक पूर्वाधाको विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वय गरिएको, शिक्षक दरवन्दी मिलान तथा विद्यालय समायोजन सम्वन्धी कार्यविधि तयार गरी कार्यान्वयन गरिएको, भवन निर्माण संहिता, उद्यमशिलता रणनैतिक योजनाहरु तयारी लगायतका विभिन्न ऐन नियम कार्यविधि निर्माण गरी कार्यान्वयन गरिएको छ ।

२. राष्ट्रिय, प्रदेशिक आवधिक योजना, गाउँपालिको वार्षिक योजनाबाट विकासको अभियानलाई वाहिर जान नदिन, वित्तीय सुशासन र प्रभावकारिता कायम राख्न मध्यकालिन खर्च संरचनाका शर्तहरु कार्यान्वय गरिएको छ ।

३. योजना, बजेट तथा कार्यक्रमलाई, स्थानीय वस्तुगत आवश्यकता, प्रादेशिक तथा राष्ट्रिय आकांक्षा हासिल गर्न सहयोग पुग्ने गरी परिचालन गर्न आयोजनाको प्राथमिकीकरण स्थानीय योजना बजेट तथा कार्यक्रम तर्जूमा दिग्दर्शन २०७६ लागू गरिएको छ । योजना तथा कार्यक्रमहरुलाई सीमित स्रोत साधन र असीमित आवश्यकताका बीच तादम्यता कायम गरी सुखद र गुणस्तरीय नतिजा प्राप्तिमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

४. सम्बृद्धि, सुशासन र विकासका लागि कानूनी आधार तयार गर्ने सिलसिलामा चालु आ.व.मा ३ वटा ऐन, ११ वटा कार्यविधि, एउटा नियमावली, निर्माण गरी कानूनी दस्तावेज तयार भएको छ ।

५. भौतिक पूर्वाधार विकासको क्षेत्रमा समानुपातिक र सन्तुलित तवरबाट प्रकृया अगाडि वढाउने सन्दर्भमा ४ वटा स्थानीय रणनैतिक महत्वको सडक निर्माण १० वटै वडामा कृषि तथा ग्रामीण सडक गरी जम्मा १८१ कि.मि. सडक संजाल निर्माण, वडा नं. १,७ र १० को ३ वटा वडा कार्यालय भवन निर्माण, वडा नं. १ र १० मा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण गरी सेवा संचालन, सिंचाई कुलो निर्माण, खानेपानी निर्माण, झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न भएको छ ।

६. गाउँपालिका भित्र रहेका विपन्न र पिछडिएका जनता आवास कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम, दलितको फुसको छानो मुक्त अभियान, जेष्ठ नागरिक सम्मान, वाललालिकालाई टिफिन बट्टा वितरण, छात्राहरुका लागि स्यानिटरी प्याड वितरण, छात्राबृत्ति वितरण कार्यक्रम संचालन भएको छ ।

७. सुशासन, पारदर्शिता र जनता प्रति जावफदेहिताको अवधारणा कार्यान्वय गर्न खर्च सार्वजनिक, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, प्रगति विवरण वेवसाईटबाट सार्वजनिक गर्ने, योजनाको बोर्ड राख्ने, आम जनताको गुनासो तत्काल सम्वोधन गर्ने र विद्युतीय शासन प्रणालीको अवलम्बन गरिएको छ ।

८. कोभिड- १९ को प्रभावको दृष्टिले उच्च जोखिममा रहेको साँगुरीगढी गाउँपालिकाको सम्पूर्ण गतिविधि प्रभावित भएको छ । कोभिड विरुद्धको संघर्ष र लडाई गाउँपालिकाको मुख्य चुनौती वनेको छ । साँगुरीगढी गाउँपालिका वासी आमजनताको जीवन रक्षा पहिलो कतर्व्य वनेको छ । गाउँपालिका क्षेत्र भित्र कोभिड नियन्त्रण तथा रोकथामका लागि साँगुरीगढी गाउँपालिका वडा नं. ९ आहालेमा जनशक्ति व्यवस्थापन गरी कोभिड अस्पताल संचालन, क्वारेन्टानइन व्यवस्थापन, औषधी लगायतका सामाग्री व्यवस्थापन, अक्सिजन सिलिन्डर खरिद तथा व्यवस्थापन गरिएको छ । कोभिडको वढ्दो संक्रमणसँगै चुनौती बढ्दै गएको छ ।

९. साँगुरीगढी गाउँपालिकाले चालु आर्थिक वर्षका लागि कुल बजेट ४२ करोड २ लाख २३ हजार विनियोन गरेको मा ६० प्रतिशतको हाराहारीमा बजेट खर्च भई सकेको छ । गाउँपालिकाले कोभिड- १९ को प्रभावका बावजुद पूँजीगत खर्चलाई प्राथमिकता दिई योजना संचालन गरिरहेको छ । चालु प्रकृतिका तालिम सचेतना गोष्ठी जस्ता कार्यक्रम संचालन गर्न सकिएको छैन ।

१०. कोभिड- १९ को प्रभावले होटल व्यवसाय, उद्योगधन्दा, कृषि उत्पादनमा ह्रास आएको छ । स्थानीय अर्थतन्त्र कमजोर र धारासायी हुन पुगेको छ । कमजोर स्थानीय अर्थतन्त्र, उद्यम व्यवसाय, कृषि उत्पादन, स्वास्थ्य व्यवस्थापनलाई अतिरिक्त बल प्रदान गर्न सुधारगामी नीतिको सोच बनाउनु पर्ने महशुस गरिएको छ ।

११. संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने निशर्त तथा शसर्त अनुदान र आन्तरिक स्रोतबाट प्राप्त हुने रकमको अनुमानित वजेट सीमाको अधिनमा साँगुरीगढी गाउँपालिकाको आगामी आ.व. २०७८/०७९ को लागि वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ । सवै विषय र क्षेत्रलाई एकै पटक पुरा गर्न सकिदैन । यसलाई समयानुकुल परिमार्जन गर्दै अगाडि वढ्नु पर्ने वाध्यतालाई समेत ध्यानमा राखी यस गरिमामय सभा समक्ष साँगुरीगढी गाउँपालिकालाई सम्वृद्ध, सबल र पर्यटन पूर्वाधारयुक्त बनाउनका लागि देहाय अनुसारको नीति  तथा कार्यक्रमहरु प्रस्तुत गरेको छु ।

**सभासदस्य ज्यूहरु**

अव म आगामी वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रमको मूल भागमा प्रवेश गर्ने अनुमति चाहान्छु।

## क. सामाजिक विकास तर्फ

### स्वास्थ्य तथा जनसंख्या

१२. साँगुरीगढी गाउँपालिकावासी दाजुभाइ तथा दिदीवहिनीहरुलाई कोभिड- १९ को महामारीबाट मुक्त गर्नु साँगुरीगढी गाउँपालिकाको पहिलो कर्तव्य हुनेछ। कल्पना बाहिरको परिस्थिति सिर्जना भएको परिप्रेक्षमा विकास योजना तथा कार्यक्रमको प्राथमिकता फेरबदल गर्नु पर्ने अवस्था आएको छ। आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि विषयगत रुपमा स्वास्थ्य,शिक्षा र कृषि क्षेत्र पहिलो प्राथमिकतामा रहने छ। कोभिडका कारण रोजगारी गुमाएर घर फर्किएका र फर्किने तयारीमा रहेका युवाहरुलाई उद्यमशील रोजगारीको सुनिश्चितता गर्न लघु उद्यम, आय आर्जन र भौतिक पूर्वाधार विकास उच्च प्राथमिकतामा रहनेछ। आर्थिक विकास, शिक्षा, सहकारी, वातावरण व्यवस्थापन, सूचना प्रविधि, सुशासन क्षेत्रलाई प्राथमिकता दिइनेछ।

१३. कोभिड- १९ को महामारीले खडा गरेको चुनौतीलाई सामना गर्न विज्ञहरुको परामर्शमा सवैखाले तयारी गर्ने, क्वारेन्टाइनको व्यवस्थापन गर्ने, परीक्षणको दायरा विस्तार गर्ने, राहात व्यवस्थापन गर्ने, कोभिड- १९ बाट बच्ने उपायहरुको बारेमा सचेतना जगाउने, औषधी तथा पोष्ट कोभिड व्यवस्थापन गर्न, स्वास्थ्य विमालाई प्रभावकारी बनाउदै **"स्वास्थ्य तपाईंको, जिम्मा हाम्रो"** अभियान संचालन गरिनेछ।

१४. साँगुरीगढी गाउँपालिकावासी दाजुभाइ दिदीवहिनीहरुलाई कोभिड- १९ लगायतका संक्रामक रोगहरुबाट मुक्त गराई स्वास्थ्य जीवन निर्माणका लागि एकीकृत, स्वास्थ्य सेवा प्रवाह प्रणालीलाई सवल र सुदृढ तुल्याई व्यवस्थित गर्न १५ शैयाको गाउँपालिकास्तरीय अस्पताल निर्माण गरिनेछ।

१५. कोभिड- १९ रोकथाम र नियन्त्रणमा खटिएका स्वास्थ्यकर्मी जनप्रतिनिधि, कर्मचारीहरुको मनोबल उच्च राखी कार्यसम्पादन स्तर बढाउदै जनसेवामा समर्पित गराउन गाउँपालिकाले प्रोत्साहनको नीति अवलम्वन गरिनेछ।

१६. गाउँपालिकामा एम्वुलेन्स सेवा संचालनका लागि आवश्यक पहल गरिनेछ।

१७. नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकको रुपमा स्थापित गरेको व्यवस्थालाई कार्यान्वयन गर्दै साँगुरीगढी गाउँपालिका भित्रका स्वास्थ्य सेवाको पँहुच वाहिर रहेका विपन्न, सीमान्तकृत, दलितहरुका लागि स्वास्थ्य सेवाको मूलधारमा समाहित गर्न स्वास्थ्य बिमा कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिनेछ।

१८. स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न आवश्यक पूर्वाधारको व्यवस्थापन गर्दै नतिजामा आधारित अनुगमन, मूल्याङ्कन, प्रोत्साहन प्रणाली लागु गरिने छ। नतिजामा आधारित अनुमगन मूल्याङ्कन प्रणालीलाई सुधार गर्न कार्यसम्पादन करार लागू गरिने छ।

१९. स्वास्थ्य सेवामा संलग्न जनशक्तिको क्षमता विकास गरी सेवा प्रवाहमा नवीनता भित्र्याउन आवश्यक तालिम र संस्थागत क्षमता विकासका कार्यक्रमहरु सन्चालन गरिनेछ ।

२०. महिला स्वास्थ्य स्वयंसेविकाहरुको सेवालाई प्रभावकारी तथा गुणस्तरी वनाउनका लागि आवश्यक तालिम र प्रोत्साहन गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ ।

२१. महिला प्रजनन् स्वास्थ्यमा देखिने समस्याहरु आङ खस्ने, पाठेघरको क्यान्सर, स्तन क्यान्सर रोगको उपचार तथा रोकथामका लागि “**रोगबाट बाचौं र बचाउँ**” अभियान संचालन गरिनेछ ।

२२. सुत्केरी आमा र शिशुका लागि न्यानो कपडा वितरण कार्यकमलाई निरन्तरता दिइनेछ ।

२३. स्वास्थ्य सेवा प्रवाहमा खडा भएको विषम परिस्थितिलाई सामना गर्दै आम नागरिकको स्वास्थ्य सम्वन्धीको हक सुरक्षित गर्न **डिजिटल हेल्थ तथा टेलिमेडिसिन** सेवा संचालनका लागि आवश्यक पहल तथा व्यवस्थापन गरिनेछ ।

२४. बालबालिकाहरुको कुपोषण निवारणका लागि पोषण कार्यक्रम संचालन गरिने छ । ८० वर्ष माथिका जेष्ठ नागरिकहरुको नि:शुल्क उपचारमा आवश्यक पहल गरिनेछ ।

२५. स्थानीय तहको स्वास्थ्य सेवालाई थप व्यवस्थित तथा प्रभावकारी वनाइ जनमैत्री स्वास्थ्य सेवा प्रवाह गर्न एकीकृत स्थानीय कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

## महिला बालबालिका, युवा, जेष्ठ नागरिक तथा लैंगिक समानता

**२६.** कानूनले प्रतिबन्धित गरेको वाल विवाह, वहु विवाह तथा लैंगिक विभेद अन्तर्गतका जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

२७. एकल वा विधवा महिलाहरुको आयआर्जनमा वृद्धि गर्न मागको आधारमा आवश्यक तालिमका कार्यक्रमहरु सन्चालन गरिनेछ । एकल महिलाहरुको तथ्यांक संकलन गर्ने कार्यलाई अगाडि बढाइनेछ ।

२८. जेष्ठ नागरिकहरुको स्वास्थ्य सुधारको लागि स्वास्थ्य केन्द्रमा कार्यरत प्राविधिक जनशक्तिको परिचालन मार्फत घुम्ती स्वास्थ्य केन्द्रको व्यवस्था मिलाईने छ ।

२९. बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्नका लागी वाल क्लव र सूचक पूरा गर्न सहयोग गर्ने कार्यालय, संघ संस्थासँग समन्वय गरी यस गाउँपालिकालाई बालमैत्री गाउँपालिका बनाइने नीति लिइनेछ । बालवालिकाको समग्र अधिकार (बाँच्न पाउने, विकासको अधिकार, संरक्षणको अधिकार र सहभागीताको अधिकार) प्रवर्धनका लागि उपयुक्त किसिमका योजनाहरुलाई प्राथमिकता दिई कार्यकम संचालन गरिनेछ । प्रत्येक वडामा बाल क्लव गठन गरि क्रियाशिल बनाइनेछ ।

३०. सबै वडाहरुमा सन्चालन भएका होटल व्यवसायहरुमा सम्वद्ध निकायहरुसँग सहकार्य गरी “**यो होटलमा बाल श्रम छैन हामी पनि राख्दैनौ अरुलाई पनि राख्न दिन्नौ** भन्ने स्टीकर टाँस अभियान सञ्चालन गरी बाल श्रम मुक्त होटल बनाउने अभियान गाउँपालिका भरी सञ्चालन गरिनेछ ।

३१. विपन्न वर्गका महिलाहरुको जीवनस्तर उकास्नका लागि आयमुलक कार्यक्रमहरु सन्चालन गरिनेछ ।

३२. घरेलु हिंसा न्यूनीकरण गर्न गराउन विशेष कार्यकमहरु संचालन गरिनेछ ।

३३. महिला, बालवालिकाको अधिकारसँग सम्बन्धित चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३४. स्थानीय तहका महिला जनप्रतिनिधहरुको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३५. एकल तथा विधवा महिलाहरुको आयआर्जनमा वृद्धि गर्न आवश्यक कोष व्यवस्थापन गरी आर्थिक सशक्तीकरण कार्यलाई अगाडि बढाइने छ ।

३६. जेष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षणका लागि “**ज्येष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम”** लाई निरन्तरता दिइने छ ।

३७. गाउँपालिका क्षेत्रभित्रका जेष्ठ नागरिहरुको सम्मान र अनुभव आदनप्रदानका लागि “**मनमोहन अधिकारी ज्येष्ठ नागरिक सम्मान कार्यक्रम”** लाई निरन्तरता दिइने छ ।

३८. साँगुरीगढी गाउँपालिका, प्रदेश सामाजिक विकास मन्त्रालय र करुणा फाउण्डेशनसँगको त्रिपक्षीय सहकार्यमा संचालनमा रहेको अपाङ्गता सम्वन्धी कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३९. विपन्न तथा दलित वर्गका महिलाहरुको जीवनस्तर उकास्नका लागि आयमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४०. साँगुरीगढी गाउँपालिका क्षेत्रभित्र रहेका लैङ्गिक तथा सामाजिक विभेदको अन्त्य गरी समतामूलक समाज निर्माणका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको कानून निर्माण गरी कार्यन्वयन गरिनेछ ।

## आदिवासी जनजाति तथा अन्य समूदाय

४१. आदिवासी जनजाति समूदायको भाषा सँस्कृति, भेषभूषा संरक्षणको लागि सहयोग गरिनेछ साथै विभिन्न जातजातिको सँस्कृति जोगाउने कार्यक्रमहरु सन्चालन गर्न बजेटको व्यवस्था मिलाईनेछ ।

४२. दलित वर्गको उत्थानको लागि परम्परागत रुपमा पेशा सन्चालन गर्नेहरुलाई आधुनिक उपकरण लागि आवश्यक सहयोग गरिने छ ।

४३. **दलित तथा विपन्न परिवारको फुसको छाना मुक्त अभियान कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।

४४. दलित प्रोफायल लगायत दलित लक्षित सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

४५. किराँत जातीको ऐतिहासिक तथा जातीय पहिचान झल्काउने स्थानीय संग्रहालय निर्माणका लागि संभाव्यताको अध्ययन गरिनेछ ।

## युवा तथा खेलकुद

४६. **एक वडा एक खेल** मैदान व्यवस्थापन गर्न आवश्यक कार्य अगाडि वढाइनेछ ।

४७. खेलकुदको दीगो व्यवस्थापनका लागि सुविधा सम्पन्न बहुउदेश्यीय सामुदायिक भवन तथा कभर्डहल निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ । बहुउदेश्यीय भवन तथा कभर्डहल निर्माणका लागि प्रदेश सरकार, संघीय सरकार एवं सम्वद्ध निकायसँग समन्वय गरिने छ ।

४८. वार्षिक रुपमा कम्तीमा एक वटा गाउँपालिका स्तरीय खेलकुद कार्यक्रम संचालन गरिनेछ ।

४९. युवाहरुलाई रोजगारी उन्मुख गराई आत्मनिर्भर बनाउन युवा स्वरोजगारमूलक कार्यक्रमहरु सन्चालन गर्दै जाने व्यवस्था मिलाईनेछ । उद्यम विकासका कार्यक्रमहरुलाई युवा लक्षित बनाई कार्यक्रमहरु सन्चालन गरिनेछ ।

५०. स्थानीय स्तरका खेलकुदको प्रबर्द्धनका लागि गाउँपालिका स्तरीय रंगशाला निर्माणका लागि संभाव्यता अध्ययन गरिनेछ ।

५१. राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुदमा पदक जित्ने खेलाडीहरुलाई उचित सम्मान तथा प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।

५२. खेलकुद क्षेत्रको एकीकृत विकासका रणनैतिक योजना तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्दै लगिने छ ।

## सरकारी तथा गैह्र सरकारी संस्था

**५३.** यस गाउँपालिका क्षेत्र भित्र सन्चालन हुने सम्पूर्ण गैर सरकारी संस्थाको योजना तथा कार्यक्रमलाई नियमन र एकरुपता हासिल गर्नका लागि गै.स.स. डेस्क स्थापना गरिनेछ। गाउँपालिका क्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्नु पूर्व अनिवार्य रुपमा गैरसरकारी संस्थाहरुले अनुमती लिनु पर्ने व्यवस्थालाई कानून निर्माण गरी कडाईका साथ कार्यान्वयन गरिनेछ ।

५४. गैह्र सरकारी संस्थाहरुलाई कार्यक्रमको अनुमति दिंदा विकास र चेतनाको दृष्टिले पछि परेका वडा, क्षेत्रहरुमा समन्वय गरी कार्यक्रम सन्चालन गर्ने व्यवस्था मिलाइनेछ । पालिकास्तरका जनचेतनामूलक, रोजगारमूलक, सन्देशमूलक तालिमहरु सहकार्यमा सन्चालन गर्न प्राथमिकता दिइनेछ ।

## खानेपानी तर्फ

**५५.** साँगुरीगढी गाउँपालिका क्षेत्र भित्र खानेपानी सुविधा नभएका स्थानहरुको पहिचान गरी उक्त क्षेत्रहरुमा पाइप वा लिफ्टिङ्गका माध्यमबाट खानेपानी सन्चालनका लागि प्रदेश सरकार र केन्द्र सरकारसँग विशेष पहल गरिनेछ ।

**५६.** मर्मत सम्भार गर्नुपर्ने अवस्था रहेको खानेपानीको स्रोत संरक्षणको व्यवस्था मिलाइने छ, । नयाँ स्रोत वा मुहानको खोजी गर्ने, विभिन्न स्थानका खानेपानीको संरक्षण र मर्मत गर्ने कार्यलाई अगाडि बढाउन बजेटको व्यवस्था मिलाईने छ ।

५७. खानेपानी स्रोत नभएको स्थानहरु र नयाँ बजार केन्द्रहरुमा खानेपानीको सुनिश्चिताका लागि लिटिङ्ग खानेपानीको संभाब्यता अध्ययन गरिनेछ। खानेपानी अभाव भएका क्षेत्रहरुको खानेपानी समस्या दीर्घकालीन समाधानको उपाय खोजी गरिनेछ ।

## शिक्षा

५८. गाउँ शिक्षा ऐनको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक, नियमावली, कार्यविधि निर्माण गरी कार्यान्वयन गरिने छ ।

५९. शिक्षालाई गुणस्तरीय बनाउनको लागि अभिभावक अनुशिक्षण कार्यक्रम, शैक्षिक सुधार सम्बन्धी अन्तक्रियात्मक कार्यक्रम, विषयगत शिक्षक सम्मान कार्यक्रम, उत्कृष्ठ विद्यार्थी सम्मान कार्यक्रम, विद्यालयमा विद्युतीय हाजिरी व्यवस्थापन, विद्यालयमा ICT व्यवस्थापन कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

६०. पठनपाठनलाई व्यवस्थित गर्दै अतिरिक्त क्रियाकलापहरुलाई व्यवस्थित गर्न विद्यालय भवन तथा खेलमैदान निर्माण कार्य गर्दै लगिने छ ।

६१. शिक्षण सिकाई तथा विद्यार्थी उत्तीर्ण परिणामलाई नतिजामूलक वनाउन कार्य सम्पादन करार सम्झौता लागू गरी प्रोत्साहनको व्यवस्थापन गरिनेछ ।

६२. गाउँपालिका भित्र उत्तम नतिजा प्राप्त गर्न सफल विद्यालय र शिक्षकलाई सम्मान तथा प्रोत्साहनको नीति अवलम्बन गरिने छ ।

६३. शिक्षण सिकाई पद्दतिलाई प्रविधिमैत्री वनाउन स्मार्ट कक्षा व्यवस्थापन तथा संचालनलाई व्यवस्थित गर्दै लगिने छ ।

६४. विद्यालयहरुको तथ्य तथ्याङ्कलाई थप व्यवस्थित गर्न तथ्याङ्क सम्बन्धी तालिमको व्यवस्थापन गरिने छ ।

६५. विद्यालयको शिक्षण सिकाई कार्यलाई प्रभावकारी, नियमित तथा गुणस्तरीय वनाउन शिक्षक दरवन्दी मिलान, समायोजन तथा विद्यालय एकीकरण कार्यलाई निरन्तरता दिइनेछ ।

६६. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा ख्याती कमाउने स्थानीय विद्यार्थी तथा शिक्षकहरुलाई सम्मान र प्रोत्साहन गरिने छ ।

६७. साँगुरीगढी गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुका सुलभ शौचालय र खानेपानीको व्यवस्था मिलाउँदै लगिने छ ।

६८. कुनै पनि वालवालिकाहरु शिक्षाबाट वञ्चित नहुन भनी अनिवार्य विद्यार्थी भर्ना कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिने छ ।

६९. विद्यालय छोड्ने बालबालिका दरलाई घटाउन, दिवा खाजा, टिफिन बट्टा वितरण लयायतका प्रोत्साहन कार्य संचालन गरिने छ ।

७०. विद्यालयका पठनपाठन कार्यलाई प्रतिस्पर्धी, व्यवसायिक, तुलनायोग्य र अन्तराष्ट्रियस्तरको वनाउन सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमबाट पठनपाठनको थालनी गरिनेछ ।

७१. गाउँ शिक्षा पार्श्वचित्र, गाउँ शिक्षा योजना तथा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ ।

७२. साँगुरीगढी गाउँपालिका क्षेत्र भित्रका जेहेन्दार विद्यार्थीहरुका लागि उच्च शिक्षा प्राविधिक विषय अध्ययनका लागि छात्रबृत्तिको उपलब्ध गराउने व्यवस्थाको थालनी गरिनेछ ।

**सभासदस्य ज्यूहरु**

## ख. पूर्वाधार विकास

**सडक**

७३. गाउँपालिका केन्द्र रहेको स्थानबाट सबै वडा केन्द्रसम्म जाने सडकलाई उच्च प्राथमिकतामा राखी निर्माण कार्य गरिने छ । उक्त कार्यका लागि संघीय सरकार, प्रदेश सरकार तथा सम्वद्ध निकायसँग समन्वय गरी अगाडि बढाइने छ ।

७४. वडास्तरीय योजनाहरु संचालन गर्दा कम्तिमा १० प्रतिशत उपभोक्ताको नगद लागत सहभागिता वा जनश्रमदानबाट संचालन गर्ने व्यवस्था लागु गरिनेछ भने पालिका स्तरीय योजना सन्चालन गर्दा योजनाको प्रकृती र स्वरुप हेरी कम्तिमा १० देखि २५ प्रतिशत नगद वा जनश्रमदान वापत सहभागिता गर्नुपर्ने व्यवस्था मिलाईने छ । स्ट्रक्चरका आयोजना वा ठूला मेशिन प्रयोग हुने वा उपभोक्ताको जनश्रमदानबाट सन्चालन हुन नसक्ने जटिल प्रकृतिका कार्यहरु उपभोक्ता मार्फत आयोजना सन्चालन गरिने छैन । अन्य पालिका स्तरका आयोजनाको हकमा भने कार्यपालिकाबाट निर्णय भए अनुसार सन्चालन गरिनेछ । उपभोक्ताबाट सन्चालित आयोजनाको मर्मत सम्भारको व्यवस्थाका लागि उपभोक्ता समितिलाई जिम्मेवार बनाईनेछ ।

७५. गाउँपालिकाको यातायात गुरुयोजना निर्माण गरिनेछ । यातायात गुरुयोजना निर्माण भए पश्चात पालिका क्षेत्र भित्रको सम्पूर्ण सडक तथा बाटोहरुको **Right Of way** निर्धारण भइ दीर्घकालीन रुपमा वस्तीको विकास र सडक निर्माण कार्य अगाडि बढाइनेछ ।

७६. गाउँपालिका क्षेत्र भित्रका सडक निर्माण कार्यलाई व्यवस्थित गर्न सडक क्षेत्रभित्र पर्ने जग्गाहरुको लगत कट्टा गर्ने व्यवस्था मिलाईने छ ।

७७. नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गर्दै ट्र्याक खोली सकिएको सडकको विस्तार तथा स्तरउन्नतिमा जोड दिइने छ ।

७८. सम्भाव्यता अध्ययन कार्य  गरेर मात्र ट्र्याक खोल्ने व्यवस्था मिलाईनेछ ।

७९. स्थानीय सडक निर्माण र विस्तार कार्यलाई ब्यवस्थित गर्न गाउँपालिकाको स्थानीय सडक सम्बन्धी कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**भवन**

८०. साँगुरीगढी गाउँपालिका क्षेत्र भित्र निर्माण हुने सम्पूर्ण घरहरुको निर्माण कार्यलाई भूकम्प प्रतिरोधी वनाई नक्सा पास कार्यलाई अनिवार्य बनाइने छ ।

८१. घर निर्माण गर्दा स्थानीय भवन निर्माण ऐन तथा कानूनहरुको कार्यान्वयन गरी भवन निर्माण आचार संहितालाई पूर्ण पालना गरी घर निर्माण इजाजत दिइने छ ।

८२. भूकम्प प्रतिरोधी घर निर्माणका लागि सचेतना कार्यक्रमहरु संचालन गर्ने र घर निर्माण गर्नका लागि निर्माण व्यवसायी तथा कामदारहरुलाई दक्ष कालीगढको तालिम सन्चालन कार्यक्रमलाइ अगाडि बढाइने छ ।

८३. तालिम प्राप्त कालीगढको अभिलेख तयार गरी तालिम प्राप्त कालीगढबाट मात्र घर बनाउन पाउने व्यवस्था क्रमश लागु गरिने छ ।

८४. स्थानीय भवन निर्माण सम्बन्धी ऐन २०७७ भन्दा अगाडि निर्माण भएका भवन तथा संरचनाहरुको अभिलेखीकरण कार्य शुरु गरिनेछ ।

८५. साँगुरीगढी गाउँपालिका क्षेत्रको भवन निर्माण कार्यलाई व्यवस्थित गर्न सडकको मादण्ड पूर्ण रुपमा लागू गरिनेछ ।

८६. साँगुरीगढी गाउँपालिका क्षेत्र भित्रका घरधुरीहरुको घर नं. कायम गरी घरको एकीकृत अभिलेख व्यवस्थापन कार्यको थालनी गरिने छ ।

## सडक पुल तथा झोलुङ्गे पुल

८७. साँगुरीगढी गाउँपालिका र आसपासका स्थानीय तह तथा छिमेकी जिल्लासँगको आवगमन तथा व्यपार व्यवसायलाई सहज बनाउन रणनैतिक महत्वको स्थानहरुको पहिचान गरी सडक पुल (मोटरेवल) तथा झोलुङ्गपुल निर्माण कार्यलाई अगाडि बढाइने छ ।

८८. गाउँपालिकाका विभिन्न वडाहरुको वस्ती जोड्ने क्षेत्रहरुको अध्ययन गरी झोलुङ्गे पुल निर्माणका लागि सहकार्य र साझेदारी गर्दै लगिनेछ ।

## सिँचाई

८९. साँगुरीगढी गाउँपालिका मूल आर्थिक आधार कृषि पेशा व्यवसाय रहेको छ । कृषि पेशाको उत्पादन र उत्पादकत्व बढाई व्यवसायिकरण र विविधीकरणका लागि कृषि क्षेत्रमा पर्याप्त सिँचाई सुविधा उपलब्ध गराउन सिचाई कुलो निर्माण कार्यलाई थप विस्तार र सुधार गर्दै लगिने छ ।

९०. पर्याप्त सिंचाईको स्रोत नभएको ठाउँहरुको किसानहरुलाई सिंचाई सुविधा उपलब्ध गराउन साना सिंचाई, थोपा सिँचाई, प्लाष्टिक पोखरी निर्माण, जस्ता कार्यलाई अगाडि बढाइने छ ।

## ऊर्जा, लघु जलविद्युत तथा बैकल्पिक ऊर्जा

९१. साँगुरीगढी गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण घरधुरीहरुलाई विद्युत सेवा उलब्ध गराउने व्यवस्था गरिने छ । विद्युत सेवा तत्काल उपलब्ध हुन नसक्ने स्थानहरुका लागि बैकल्पिक ऊर्जा सोलार बत्ती ,सोलार टुकीको सुविधा उलब्ध गराइने छ ।

९२. स्थानीय नागरिकहरुको जंगल माथिको दवाव (दाउरा) घटाउने बिद्युत तथा बैकल्पिक ऊर्जाको प्रयोगलाई जोड दिइने छ ।

९३. साँगुरीगढी गाउँपालिका क्षेत्र भित्र पेल्ट्रिक सेट उत्पादन, लघु जलविद्युत उत्पादनको सम्भाब्यता अध्ययनलाई अगाडि बढाइने छ ।

**सञ्चार**

९४. साँगुरीगढी गाउँपालिका क्षेत्र भित्र संचार क्षेत्रको प्रर्बद्धन र विकास लागि ठूला संचार गृहहरुसँग समन्वय र सहकार्य गरिने छ । स्थानीय स्तरमा प्रेस गृह, मिडिया सेन्टर, टेलि सूचना केन्द्र स्थापना र संचालनका लागि प्रोत्साहन गरिने छ ।

९५. गाउँपालिकाबाट एफ, एम, रेडियो, टेलिभिजन, अनलाइन मिडिया हाउस स्थापना तथा सञ्चालनको संभाब्यता अध्ययन गरिने छ ।

९६. साँगुरीगढी गाउँपालिकाको विकासात्मक गतिविधिलाई आम नागरिकसमक्ष पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने संचार गृह र संचार कर्मीहरुलाई प्रोत्साहन सहित सम्मान कार्यक्रमको थालनी गरिनेछ ।

**सभासदस्य ज्यूहरु**

**ग. बातावरण तथा विपद् ब्यवस्थापन**

**वन तथा भूसंरक्षण**

९७. वन, संरक्षण तथा प्रबर्द्धनका लागि कानून निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।

९८. **एक व्यक्ति एक विरुवा** रोपन कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ । वातावरण संरक्षण तथा जलवायू परिवर्तन सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

९९. वन फडानी, आगलागी आदि कार्यलाई नियन्त्रण गर्न दण्ड जरिवानालाई प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ । सामूदायिक वनको व्यवस्थापनमा वन उपभोक्ता समितिलाई अझ बढी जिम्मेवार बनाईने छ । सामुदायिक वन उपभोक्ता समिति र वन उपभोक्ताहरुलाई वन संरक्षण सम्वन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्न सम्वद्ध निकायहरुसँग समन्वय गरी आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

**जलाधार संरक्षण तथा जल वायु परिर्वतन**

१००. जलवायु परिवर्तनका कारण जलाधार क्षेत्रमा परेका प्रभावहरुलाई न्यूनीकरण गर्दै पानीको मुहानहरु संरक्षण गर्ने कार्यलाई स्थानीय समुदायको अगुवाइमा अगाडि बढाइने छ। पानीको मुहान आसपास जंगल फडानी गर्न रोक लाउने र खाली भएको स्थानमा मुहान वरिपरी रुख विरुवा लगाउने कार्यलाई प्रोत्साहन गरिनेछ ।

१०१. जलवायु परिवर्तनको प्रभाव र असरको बारेमा आम नागरिकहरुलाई सचेतीकरण गर्दै जलवायु परिवर्तनको असर न्यूनीकरणका योजना, रणनीति निर्माण गरी कार्यान्वयनको थालनी गरिनेछ ।

**फोहरमैला व्यवस्थापन**

१०२. साँगुरीगढी गाउँपालिकाको भेडेटार बजार, नाम्जे बजार, डाँडाबजार मूलघाट क्षेत्र नयाँ शहर उन्मुख बजार केन्द्रहरुको रुपमा विकास भइ रहेको छ । बस्ती विस्तारसँगै फोहरमैला व्यवस्थापन चुनौतीको रुपमा देखा परेको सन्दर्भमा फोहरमैला ब्यवस्थापन केन्द्र निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।

१०३. साँगुरीगढी गाउँपालिका क्षेत्र भित्रका बजार केन्द्र तथा टोलवस्तीहरुलाई सफा सुन्दर राख्नका लागि फोहोरमैला व्यवस्थापन गर्न **सुन्दर शहर तपाईँ हाम्रो रहर** अभियान सञ्चालन गरिनेछ ।

१०४. घरको फोहोरलाई व्यवस्थापन गर्न तालिम व्यवस्था गरिनेछ । कुहिने र नकुहिने गरी छुट्टाछुट्टै फोहोर संकलन गरी कुहिने फोहोरलाई घरमै संकलन गरी व्यवस्थापन गर्न सचेतना अभिबृद्धि गरिनेछ ।

१०५. गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक शौचालयहरुलाई स्थानीय संघ संस्था तथा समुदायबाटै सञ्चालन तथा व्यवस्थापन गर्ने व्यवस्था मिलाइनेछ ।

१०६. वातावरण संरक्षणका लागि गाउँपालिका क्षेत्र भित्र सरोकारवालको सहभागितामा प्लाष्टिक निषेधित अभियान संचालन गरिनेछ ।

**जलउत्पन्न प्रकोप नियन्त्रण**

१०७. लेउती खोला, तमर नदी आदि खोलामा बाढी आई धनजनको क्षति सालबसाली हुँदै आएकोमा सरोकारवाला निकायको सहकार्यमा बाढी पहिरोको क्षति रोकथामका लागि तटबन्द कार्य अगाडि बढाइने छ ।

**विपद व्यवस्थापन**

१०८. गाउँपालिका क्षेत्र भित्र आईपर्ने विपद्लाई सामना गर्न गाउँपालिका स्तरीय विपद प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयनमा ल्याइने छ । गाउँपालिका स्तरीय तथा वडास्तरीय विपद् प्रतिकार्य योजना निर्माण गरी गाउँस्तरीय र वडास्तरीय विपद् समितिलाई सक्रीय वनाइनेछ ।

१०९. गाउँ विपद व्यवस्थापन समितिलाई क्रियाशिल बनाई विपदको समयमा उद्धार गर्न नेपाल रेडक्रस सोसाईटी, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल नेपालसँग समन्वय गरी आसपासका वडाहरुमा युवा जनशक्तिलाई विपद् पूर्वतयारी र उद्धार सम्बन्धी तालिमको ब्यवस्था मिलाइनेछ ।

११०. विपद्मा परेका आम नागरिकहरुलाई तत्काल उद्धार, राहत, तथा पुनःस्थापनका लागि विपद् व्यवस्थापन कोष निर्माण गरी उद्दार र राहत पुऱ्याउन **"जहाँ अभर, त्यहाँ गाउँपालिका"** कार्यक्रम संचालन गर्न आवश्यक रकमको व्यवस्था गरिनेछ ।

१११. साँगुरीगढी गाउँपालिका भित्र घर आगलागीबाट निम्तिने विपद् जोखिमलाई न्यूनीकरण गर्न **"फुसको छानो मुक्त गाउपालिका"** अभियान संचालन गरिनेछ । गाउँपालिकामा रहेका सम्पूर्ण फुसको छानो हटाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११२. साँगुरीगढी गाउँपालिका क्षेत्र भित्र आगलागीबाट हुने विपद् न्यूनीकरणका लागि फायर ब्रिगेड, दमकल जस्ता साधन व्यवस्थापनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

११३. फुड बैंक स्थापनाका लागि पहल गरिनेछ ।

**सभासदस्य ज्यूहरु**

**घ. आर्थिक विकास**

**कृषि तथा पशु विकास**

११४. कोभिड- १९ को महामारीबाट भएका बाध्यात्मक बन्दाबन्दीले किसानलाई पुऱ्याएको क्षतिलाई महशुस गरी विउ, पूँजी, प्रविधिमा अनुदानका लागि **"गाउँपालिका किसान सहयोग कोष"** स्थापना गरी संचालनमा ल्याइने छ । कोषको परिचालन तथा व्यवस्थापन कोष परिचालन कार्यविधि निर्माण गरी कृषि सहकारीको सर्वमान्य सिद्धान्तका आधारमा गरिनेछ ।

११५. कोभिड- १९ को विश्वव्यापी महामारीबाट रोजगारी गुमाई विदेश तथा स्वदेशबाट गाउँ फार्किएका र फर्किने हजारौं युवाहरुको तथ्याङ्क अद्यावधिक गरी रोजगारीको सुनिश्चितता गर्नु साँगुरीगढी गाउँपालिकाका लागि चुनौती सँगै अवसर पनि रहेको छ । वेरोजगार युवाहरुको आगमनले गाउँपालिकालाई उत्पादनमूलक मानव पूँजी प्राप्त हुन्छ । प्राप्त मानव पूँजीलाई कृषि उत्पादन, लघु उद्यम व्यवसायमा संलग्न गराइ उत्पादन र उत्पादकत्वको बृद्धि गरी स्थानीय स्वरोजगारीको प्रत्याभूत गर्न **"श्रम तपाईको साथ हाम्रो"** अभियान संचालन गरिनेछ ।

११६. कोभिड- १९ ले सिर्जना गरेको विशेष परिस्थितिलाई ध्यानमा राखी गाउँपालिका भित्र उपलब्ध कृषि तथा वन पैदावारमा आधारित कच्चा पदार्थबाट संचालन हुन सक्ने लघु तथा घरेलु उद्योगहरुको स्थापना गरी थप रोजगारीको अवसर सिर्जना गर्दै उत्पादन बृद्धि गरी स्थानीय निर्यात बढाउन **"उद्यमशील विकास कोष"** स्थापना गरी **"एक गाउँ एक उद्यम"** अभियान संचालन गरिनेछ ।

११७. साँगुरीगढी गाउँपालिकालाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन कृषि नीति, दीर्घकालीन, मध्यकालीन अल्पकालीन कृषि विकाय योजना तयार गरी कार्यान्वयनको व्यवस्था मिलाउदै लगिनेछ ।

११८. गाउँपालिका भित्र कृषि उत्पादनमा आत्म निर्भर वनाई खाद्य सुरक्षाको प्रत्याभूत गराउन तथा खाद्यन्न आयत प्रतिस्थापनमा सहयोग पुऱ्याउन पूँजी, प्रविधि, विऊ विजन, नश्लसुधार कार्यमा ८० प्रतिशत देखि सतप्रतिशत अनुदानको नीति अवलम्बन गरिनेछ ।

११९. अर्गानिक उत्पादन तथा बजारीकरणलाई व्यवस्थापन गर्न **"अर्गानिक भिलेज"** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२०. कृषि तथा पशुपालन कार्यलाई व्यवसायिक तथा व्यवस्थित बनाउदै लैजान ८० देखि सतप्रतिशत अनुदानमा विरुवा वितरण तथा नवप्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

१२१. कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन दीर्घकालीन, मध्यकालीन र अल्पकालीन योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१२२. गाउँपालिका क्षेत्रभित्र फलफुल, तरकारी तथा खाद्यान्न बालीहरुको प्रवर्द्धनको लागि "**किसानको हात गाउँपालिको साथ"** कार्यक्रम सञ्चालनका लागि अनुदानको व्यवस्था मिलाइनेछ ।

१२३. विउमा आत्मनिर्भर हुन विजवृद्धि कार्यक्रम सञ्चालन किसानहरुलाई अनुदान दिइनेछ । साथै **पकेट क्षेत्र विकास कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।

१२४. कृषिमा आत्मनिर्भर हुनको लागि प्लाष्टिक घर निर्माण, कृषि सामाग्री वितरण, बाली उपचार शिविर कार्यक्रम, माटो परीक्षण कार्यक्रम, च्याउ खेती प्रवर्द्धन कार्यक्रम, मौरीघार कार्यक्रम सञ्चाल गर्न अनुदानको व्यवस्था मिलाइने छ ।

१२५. जमिनको उर्वरा शक्तिलाई वृद्धि गर्दै "**बाझो जमिनमा खेती"** गर्न किसानलाई कृषि चुन र प्राङ्गरिक मलका लागि अनुदान सहित सिंचाईको व्यवस्था मिलाउदै लगिनेछ ।

१२६. कृषि कार्यक्रमबाट उन्नत जातका तरकारी, मसला तथा फलफुल खेती गर्ने किसानलाई वीउ, विरुवा र आवश्यक उपकरणमा अनुदानको व्यवस्था मिलाईनेछ ।

१२७. कृषकहरुलाई व्यवसाय प्रबर्द्धनमा सहयोग पुऱ्याउन व्यवसायिक अध्ययन अवलोकनको व्यवस्था मिलाईने छ ।

१२८. किसानहरुलाई प्राविधिक सेवा स्थानीय स्तरमै उपलब्ध गराउन दशवटै वडाहरुमा पशु तथा कृषि प्राविधिक तालिम संचालनको व्यवस्था गरिनेछ ।

१२९. गाउँपालिका भित्र कृषि तथा पशुको व्यवसायिक उत्पादन गर्ने व्यवसायीलाई गाउँपालिका "**कृषि तथा पशु व्यवसायी वर्ष व्यक्ति"** घोषणा गरी प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१३०. दुग्ध व्यवसायलाई प्रवर्द्धन गर्नको लागि दुग्ध पकेट क्षेत्रमा स्थापना हुने दुग्ध संकलन केन्द्रलाई आवश्यक पर्ने उपकरण तथा सामाग्री खरिदमा अनुदानको व्यवस्था मिलाइने छ ।

१३१. पशु किसानहरुलाई पोषणयुक्त विकासे घाँस वितरण गरी उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न पशु आहारा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३२. स्थानीय जातको कुखुरालाई संरक्षण तथा प्रवर्द्धन गर्नको लागि **"कुखुरा संरक्षण तथा प्रवर्द्धन कार्यक्रम"** सञ्चालनलाई निरन्तरता दिइनेछ ।

१३३. पशु स्वास्थ्य उपचार सेवा तथा जैविक सुरक्षा अपनाई पशुहरुमा लाग्ने रोगहरुको निराकरण तथा न्यूनीकरणका लागि निःशुल्क उपचार सेवा पुर्याउन १० वटै वडाहरुमा पशु स्वास्थ्य शिविर सञ्चालनलाई निरन्तरता दिइने छ ।

१३४. च्याङ्ग्रापालन व्यवसायलाई थालनी गर्न च्याङ्ग्रा प्रजनन् केन्द्र स्थापनाको व्यवस्था मिलाइनेछ ।

१३५. कृतिम गर्भाधान सेवा सञ्चालनमा निरन्तरता दिई गाई भैंसीमा गर्भाधान गरी उन्नत नश्लका पशुहरु उत्पादन पकेट क्षेत्र घोषणा, नश्ल सुधार कार्यक्रम संचालनको व्ययस्था मिलाइने छ ।

१३६. पशु स्वास्थ्य नियमन कार्यक्रम अन्तरगत पशु जन्य उत्पादन विक्री वितरण तथा भण्डारणमा संलग्न कृषक समूह, कृषि समिति तथा पशु व्यवसायीसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

## उद्योग तथा बाणिज्य

१३७. स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन, बजारबाट किसानसम्म पूँजी, प्रविधि पुऱ्याउन अग्र-पश्च सम्बन्ध स्थापित गर्न “**कोशेली घर”** संचालनको व्यवस्था मिलाइने छ ।

१३८. संघीय सरकारले लिएको एक स्थानीय तह एक औद्योगिक ग्राम निर्माणका नीतिलाई मूर्तरुप दिई साँगुरीगढी गाउँपालिका क्षेत्रको औद्योगिक गतिविविधिलाई गतिशिल वनाउन **औद्योगिक ग्राम** निर्माण गरिनेछ । स्थानीय स्तरबाट हुने निर्यातमा आधारित लघु घरेलु तथा साना उद्योग स्थापना र सञ्चालनमा ध्यान दिइनेछ । तुलनात्मक लाभ भएका उद्यम स्थापनामा प्राथमिकता दिइ अनुदानको व्यवस्थापन गरिनेछ ।

१३९. आर्थिक सामाजिक रुपले पछाडी पारिएको एकल महिला दलित र महिलाहरुले मात्र संचालन गरिएको उद्योगहरुलाई थप प्रोत्साहन गरिनेछ ।

१४०. घरेलु तथा साना उद्योग स्थापनाको आधार खडा गर्न उद्यम विकास तथा सीप विकास तालिमलाई व्यापकता दिई उद्यमी सिर्जना तर्फ अग्रसर गराइने छ ।

## पर्यटन विकास

१४१. पर्यटन गुरुयोजनाले निर्दिष्ट गरेको धार्मिक, सांस्कृतिक, ऐतिहासिक, सहासिक पर्यावरणीय स्थालहरुको निर्माण, मर्मत सम्भार, संरक्षण, सम्बर्द्धन तथा विकास गर्दै पर्यापर्यटन, साहसिक पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन विकासको थालनी गरिनेछ ।

१४२. पर्यटकहरुका लागि आकर्षक गन्तव्यको रुपमा स्थापित गर्न पर्यटकीय तथा धार्मिक स्थलहरुको फोहोरमैला व्यवस्थापन सरकारी, गैरसरकारी संघ सस्थाहरुसँगको सहकार्यमा व्यवस्थापन गर्दै लगिने छ ।

१४३. नाम्जे, डाँडाबजार र आहालेमा सञ्चालनमा रहेको सामुदायिक होम स्टेको प्रबर्द्धनको व्यवस्था मिलाई अन्य क्षेत्रहरुमा होमस्टे संचालन सम्भाव्यता अध्ययन गरिने छ ।

१४४. पर्यटन, कृषि र साँस्कृतिक क्षेत्रमा सहयोग आदान प्रदान गर्न आन्तरिक तथा बाह्य देशका स्थानीय सरकारसँग भगिनी सम्बन्ध स्थापनाका लागि पहल गरिनेछ ।

१४५. पर्यटकका लागि आकर्षक गन्तव्यको रुपमा स्थापित गर्न भेडेटार बजारमा पर्यटन विकास सूचना केन्द्र स्थापना गरी पर्यटन सम्बन्धी नियमित सूचना प्रवाहको व्यवस्था गर्न पर्यटन सूचना बोर्ड संचालनमा ल्याइने छ। साथै प्रत्येक वडामा **पर्यटन होडिङ** राख्ने व्यवस्था मिलाइनेछ।

१४६. पर्यटकको आगमनलाई बृद्धि गरी होल्डडेज बढाउन स्थानीय धार्मिक, सांस्कृतिक, जातीय, ऐतिहासिक, मेला, उत्सव र पर्व मनाउन प्याकेज कार्यक्रम संचालन गरिनेछ।

१४७. साँगुरीगढी गाउँपालिका क्षेत्र भित्र अधिक मात्रामा बसोवास गर्ने किराँत धर्मलम्बीहरुको धर्म संस्कृति, परम्परा र रहनसहनलाई पर्यटन प्रबर्द्धनसँग आबद्ध गर्ने नीति अगाडि बढाइनेछ।

१४८. सहासिक पर्यटनको विकास गर्न स्काई वाक, क्याननिङ्ग, रक क्लाइविङ्ग, प्याराग्लाडिङ्ग, बन्जिजम्पिङ्ग तथा केबुल कारको संभाव्यता अध्ययन निर्माणका लागि पहल गरिनेछ।

१४९. नाम्जेमा निर्माणाधीन जनजाति पार्कलाई थप व्यवस्थित गरी फन पार्कको रुपमा रुपान्तरण गर्ने व्यवस्था मिलाईनेछ। नाम्जे र भेडेटारलाई **बुटिक बजार**को अवधारणा लागू गर्न गरिनेछ।

## सहकारी

१५०. सहकारी नियमन तथा सञ्चालनका लागि निर्माण भएको कानून कार्यान्वयन गर्दै सहकारी सुदृढीकरण तथा प्रवर्द्धनका लागि आवश्यक नियमावली, कार्यविधि, तथा मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१५१. सहकारीहरुलाई वस्तुगत मापदण्डको आधारमा अनुदान, सहुलियत ऋण, प्रदान गरी उत्पादन र बजारलाई जोड्ने कार्यको व्यवस्था मिलाई स्थानीय अर्थ व्यवस्थाको एक प्रमुख रणनैतिक साझेदार खम्बाको रुपमा अगाडि बढाइने छ।

१५२. गाउँपालिका क्षेत्र भित्र रहेका सहकारीहरुलाई नवीकरण, पुनरगठन गरी वित्तीय संस्थाको रुपमा सक्रिय वनाइने छ।

## कर राजस्व तथा वित्तीय क्षेत्र

१५३. **"तपाईँले तिरेको कर तपाईँकै लागि"** भन्ने अभिप्रायसाथ करदाता शिक्षा मुख्य बजारहरुमा सरोकारवाला निकायको साझेदारीमा संचालन गरिने छ।

१५४. बैक तथा वित्तीय संस्थाहरुको सेवा साँगुरीगढी गाउँपालिकाको दश वटै वडाहरुको सेवा विस्ताकार लागि पहल गरिनेछ।

१५५. आन्तरिक राजस्व संकलनलाई प्रभावकारी बनाउनका लागि राजस्व प्रशासनलाई चुस्त दुरुस्त र करदातामैत्री बनाउन सरोकारवाला निकायहरुसँग समन्वय गरी राजश्वको दायरा फराकिलो पार्ने, नयाँ करका क्षेत्रको पहिचान गर्ने कार्य गर्नको लागि राजस्व परामर्श समितिलाई थप सक्रिय बनाइने छ ।

१५६. गाउँपालिका क्षेत्रमा घरवहाल कर तथा व्यवसाय कर संकलन कार्यलाई प्रभावकारी तथा तथ्यपरक वनाउदै लगिनेछ ।

१५७. गाउँपालिका क्षेत्रमा रहेका व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरुलाई अनिवार्य दर्ता र नवीकरण गर्ने व्यवस्था मिलाइने छ । करदाता शिक्षा, व्यवसाय दर्ता तथा नवीकरण बजार अनुगमन कार्यहरुलाई कानून तथा कार्यविधि निर्माण गरी व्यवस्थापन गरिनेछ । बजार अनुगमन, व्यवसाय दर्ता नवीकरण, खारेजीको कार्य सरकोकारवाला निकायसँग सहकार्य गरी अगाडि बढाईनेछ ।

१५८. आन्तरिक राजश्व संकलनलाई मजबुत बनाउनका लागि प्रशासनलाई चुस्त दुरुस्त र करदाता मैत्री बनाउन सरोकारवाला निकायहरुसँग समन्वय गरी राजश्वको दायरा फराकिलो पार्ने, नयाँ करका क्षेत्रको पहिचान गर्ने कार्यको समन्वय एवं खोजी कार्यको लागि राजश्व परामर्श समितिलाई कृयाशिल गरिनेछ ।

१५९. गाउँपालिका क्षेत्रबाट घरवहाल कर प्रभावकारी रुपमा संकलन हुन नसकेको हुँदा स्व-घोषणाको माध्यमबाट घरबहाल कर संकलन गर्न आह्वान गरिनेछ । यसरी आह्वान गर्दा पनि संकलन हुन नसकेमा घरदैलो कार्यक्रम मार्फत लगत संकलन गरी नियम अनुसार घरवहाल कर संकलन गर्ने अभियान संचालन गरिनेछ, यसको लागि सम्बन्धित वडा कार्यालयलाई जिम्मेवार बनाइने छ ।

१६०. गाउँपालिका क्षेत्रमा रहेका व्यवसाय सन्चालन गर्ने सबै व्यवसायीहरुलाई अनिवार्य रुपमा दर्ता र समयमै नवीकरण गराइनेछ । साथै करदाता शिक्षा, व्यवसाय दर्ता तथा नवीकरण, बजार अनुगमन जस्ता कार्यलाई सहकार्य गरी अगाडि बढाईने छ ।

१६१. वडा कार्यालयहरुमा Software जडान गरी कर संकलन कार्यलाई पारदर्शी र प्रभावकारी बनाइनेछ ।

## ङ. संस्थागत विकास सेवा प्रवाह र सुशासन

### सेवा प्रवाह

१६२. कर्मचारीहरुलाई आफ्नो काम प्रति जिम्मेवार बनाउने र सेवाग्राहीसँग शिष्ट व्यवहार गरी मुस्कान सहितको सेवा प्रवाह अनिवार्य बनाउन आचरण सम्बन्धी स्थानीय कानून निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।

१६३. कर्मचारीहरुलाई बढी जिम्मेवार र सेवाग्राहीमैत्री वनाउदै अपेक्षित नतिजा प्राप्तिका लागि कार्यसमपादन करार सम्झौता लागू गरिने छ । कार्यसम्पादन करारको आधारमा भएको मूल्याङ्कनका आधारमा प्रोत्साहन, पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

१६४. सेवा प्रवाहलाई नतिजामूलक र प्रविधिमैत्री वनाउन कर्मचारीको क्षमता विकासलाई अभिवृद्धि गर्नको लागि आवश्यक तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाइनेछ ।

१६५. स्थानीय न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी र व्यवस्थित वनाउन आवश्यक कार्यविधि, नीति निर्माण र संस्थागत संरचना खडा गरी कार्यान्वयन गरिने छ ।

१६६. न्यायिक समितिको काम कार्यवाहीलाई यथार्थपरक वनाउन १० वटै वडाहरुका स्थानीय न्याय सम्पादन सम्बन्धी अभिमुखीकरण सहित मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।

१६७. मुलकी अपराध संहिता २०७४ र मुलुकी देवानी संहिता २०७४ का बारेमा प्रत्येक वडाहरुमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

१६८. कर्मचारीहरुलाई आफ्नो काम प्रति जिम्मेवार बनाउन कार्यसम्पादन सम्झौता र कार्य विवरण पूर्ण रुपमा लागू गरिनेछ । कर्मचारी सेवा सम्बन्धी कानुनले निर्धारण गरेको आचरण र मर्यादा पालन नगर्ने कर्मचारीको कार्य सम्पादन मुल्यांकनमा दण्डनीय गरिनेछ । सेवाग्राहीसँग शिष्ट व्यवहार गर्नुपर्ने एवं मुस्कान सहितको सेवा प्रवाह गर्नुपर्ने व्यवस्थालाई अनिवार्य बनाइनेछ । सेवा प्रवाहमा उत्प्रेणा प्रदान गर्न प्रोत्साहन सुविधाको व्यवस्था मिलाईनेछ ।

**सुरक्षा व्यवस्थान**

१६९. गाउँपालिकाको आन्तरिक सुरक्षालाई व्यवस्थित गर्दै बजार अनुगमन, स्थानीय कर व्यवस्थापन, अव्यवस्थित बसोवासलाई समेत व्यवस्थित गर्न ग्राम प्रहरी भर्ना गरी परिचालन गरिनेछ ।

१७०. आन्तरिक सुरक्षालाई आन्तरिक सुरक्षा सम्बन्धी कानून निर्माण गरिनेछ । आन्तरिक सुरक्षा सम्बन्धी कानूनको प्रभावकारी वनाउन कर्मचारी र पदाधिकारीजाई जिम्मेवार वनाइनेछ ।

**सूचना प्रविधि**

१७१. "**डिजिटल भिलेज**" निर्माणका लागि आवश्यक नीति निर्माण गरी कार्यान्वयनमा ल्याइने छ । साँगुरीगढी गाउँपालिकाको मुख्य बजारहरुमा वाइफाइ जोन स्थापना गरिने छ ।

१७२. गाउँपालिकाको कार्यालयलाई पेपरलेस गभरनेन्सको अवधारणा कार्यान्वयन योजना, लेखा, सामाजिक सुरक्षा, कर्मचारी प्रशासन तथा राजश्व प्रशासन सम्बन्धी सफ्टेवर निर्माण, खरिद र संचालनमा रहेका सफ्टवेरलाई निरन्तरता दिइनेछ ।

१७३. कार्यालयका संस्थागत क्षमता विकासका लागि हाल निर्माण भइरहेको भवनको पूर्ण निर्माण, पदाधिकारी तथा कर्मचारी आवास निर्माण, आवश्यक मेशिन औजार तथा सवारी साधनको व्यवस्थापन गरिने छ ।

**पञ्जीकरण**

१७४. बालवालिकाहरुको तथ्याङ्कलाई व्यवस्थित गर्नको लागि बच्चा जन्मेको ३५ दिन भित्रमा जन्म दर्ता गराउनको लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१७५. व्यक्तिगत घटना दर्तालाई थप व्यवस्थित गर्न पूर्ण रुपमा डिजिटाईजेशन गरिनेछ ।

स्थानीय तथ्यांक तथा अभिलेख व्यवस्थापन

१७६. विकास नीति योजना तथा कार्यक्रमलाई व्यवस्थित गराउन दीर्घकालीन तथा मध्यकालीन आवधिक योजना निर्माण गरी **योजना वैंक**को रुपमा कार्यान्वयन गरिनेछ ।

१७७. गाउँपालिकाको योजना तथा कार्यक्रम तर्जूमालाई सघाउ पुऱ्याउन ग्राम पर्श्वचित्र निर्माण र अद्यावधिक गरिनेछ ।

१७८. सूचना तथा अभिलेख सम्बन्धी कानून निर्माण गरी कार्यान्वयन गरिने छ । गाउँपालिका गतिविधि तथा अभिलेख व्यवस्थित गर्न सूचना तथा अभिलेख केन्द्र स्थापना गरी संचालनमा ल्याइनेछ । सूचना केन्द्रमा गाउँपालिकाबाट निर्माण भएको स्थानीय कानूनहरु, प्रगति विवरणहरु, बार्षिक योजना तथा कार्यक्रमहरु र अन्य सार्वजसनिक सरोकारको सूचनाहरुको अध्यावधिक गरी राखिनेछ ।

सुशासन प्रबर्द्धन :

१७९. गाउँपालिकाबाट प्रदान हुने सेवाहरुलाई थप प्रभावकारी बनाउन विद्युतीय हाजिरी, हेल्प डेस्क, गुनासो पेटिका, नागरिक वडापत्र विद्युतीय सूचना पाटी जस्ता सुशासनका औजारहरुको पूर्ण कार्यान्वयन गरिनेछ ।

१८०. गाउँपालिकालाई बढी उत्तरदायी, जनमैत्री, पारदर्शी वनाउन स्थानीय सुशासन ऐन, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण सम्बन्धी कार्यविधि, निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१८१. गाउँपालिकाबाट हुने काम कार्यवाहीलाई प्रभावकारी वनाउन र आम जनताको गुनासो तत्काल सम्बोधन गर्न “**हेल्लो गाउँपालिका**” कार्यक्रम संचालन गरिनेछ ।

१८२. गाउँपालिका क्षेत्रभित्रका उत्कृष्ट प्रतिभा सम्मान कार्यकम संचालन गरिनेछ ।

१८३. आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो वनाई वित्तीय सुशासन कायम गर्न जम्मेवारी वाँडफाँड, अधिकार प्रत्योजन, अख्तियारी प्रदान, पूर्व लेखापरीक्षण, खरिद समिति निर्माण, नियमित प्रगति समीक्षा तथा प्रणालीगत कार्यान्वयन प्रक्रिया अलम्बलन गरिनेछ ।

अनुसन्धान तथा विकास

१८४. सम्मृद्ध साँगुरीगढी सुखी साँगुरीगढीबासीको सपनालाई तीव्र रुपमा स्थानीय स्तरमा विकासका गतिविधि संचालन गर्न अपरिहार्य छ । स्थानीय विकासलाई गतिदिन संघीय सरकार, प्रदेश सरकार, स्थानीय तहहरु, विकासका साझेदार निकाय तथा आम नागरिकको सहभागितामा विकासको गतिलाई अगाडि बढाउन **विकासका लागि सधैं सवैं सँगै** अभियान संचालन गरिनेछ ।

१८५. विकासका गतिविधिलाई व्यस्थित, नतिजामूलक, नागरिकमैत्री वनाउन दीर्घकालीन विकास अवधारण पेपर तयार गरी कार्यान्वयन गरिनेछ । विकासका नयाँ प्रविधि, उपागम, संभावना तथा विकल्पहरुका बारेमा अध्ययन अनुसन्धानलाई अगाडि बढाइनेछ ।

**सभासदस्य ज्यूहरु**

**सार्वजनिक महत्वको विषयः**

१८६. योजना तथा कार्यक्रमको अनुगमन गर्दा लागत सूचक, प्रतिफल सूचक, प्रभावकारी सूचकको आधारमा अनुगमन गरी प्रतिवेदन दिने व्यवस्था गरिनेछ । आयोजना तथा कार्यक्रमको अन्तिम अनुमगन गर्दा कार्यान्वयनमा प्रत्यक्ष संलग्न नभएका व्यक्तिहरुबाट अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

१८७. गाउँपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण ऐलानी, पर्ति, सार्वजनिक पोखरी आदिको अभिलेख राखी सार्वजनिक गरिनेछ । त्यस्ता क्षेत्रहरुको संरक्षण र संवर्द्धन गरी सार्वजनिक हित हुने गरी उपयोग तथा व्यवस्थापनमा आवश्यक ध्यान दिइनेछ ।

१८८. गाउँपालिका क्षेत्र भित्र रहेका पार्क, पाटी पौवा, चौतारा, मठ मन्दिर बौद्ध, विहार, गुम्वा, चर्च, धारा, कुवा आदिको संरक्षण गर्न वडा कार्यालयलाई जिम्मेवार बनाईनेछ ।

१८९. गाउँपालिका क्षेत्र भित्र वर्षौदेखि वसोवास गर्दै आएका दलित भुमीहीन तथा अव्यवस्थित भुमीहीन सुकुम्वासीहरु र अव्यवस्थित वसोवासीहरुलाई जग्गा उपलव्ध गराई जग्गा धनी प्रमाणपुर्जा वितरण गरिने छ ।

१९०. गाउँपालिका क्षेत्र भित्र निर्माण हुने योजना तथा कार्यक्रमहरुको नतिजामा आधारित अनुमगन मूल्याङ्कन गर्न आवश्यक कार्यविधि, निर्माण गरिने छ ।

कुमार जंग याखा

अध्यक्ष